(ग) वडा भित्रका विद्यालयको वार्षिक शैक्षिक कार्यक्रम निर्माण गरी गराई कार्यान्वयनको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(घ) वडा भित्रका विद्यालयहरुमा अभिभावक भेला गराई विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(ङ) वडा भित्रका विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने,

(च) वडा भित्रका विद्यालयमा कार्य सम्पादनका आधारमा शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा कारबाहीका लागि महानगरीय शिक्षा समितिमा सिफारिस गर्ने,

(छ) वडा क्षेत्र भित्र नयाँ विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न परेमा महानगरीय शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) सामुदायिक विद्यालयको भौतिक विकास तथा व्यवस्थापनका लागि स्रोत र साधन व्यवस्थापनमा सहयोग गर्ने,

(झ) वडामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयको अनुगमन गरी सो को प्रतिवेदन महानगरीय शिक्षा समितिमा पेश गर्ने,

(ञ) आफ्नो वडा भित्र विद्यालय जाने उमेरका बालबालिकाहरूको तथ्याङ्क अध्यावधि गर्ने र विद्यालयको नक्शांकनको आधारमा मात्र नयाँ विद्यालय सञ्चालनका लागि सिफारिस गर्ने,

(ट) वडा भित्रका विद्यालयमा रिक्त दरबन्दीमा करार शिक्षक नियूक्ति तथा सरुवाका लागि शिक्षा शाखामा सिफारिस गर्ने

(ठ) विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री, भूकम्प प्रतिरोधी र विपद् जोखिम न्यूनीकरणको व्यवस्थापनका कार्य गर्ने ।



## परिच्छेद ७
## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

२९. **सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहने :**

(१) यस कार्यविधि अन्तर्गत व्यवस्था भएको समिति अधिकार क्षेत्र बाहेक विद्यालय सञ्चालन गर्न प्र सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्य व्यवस्थापन समिति रहनेछ ।

(क) सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको निर्वाचित वडा सदस्य - अ

(ख) विद्यालयका अभिभावकले स्वयम मध्येबाट चुनेको १ महिला सहित २ जना - स

(ग) स्थानीय संस्थापक, समाजसेवी, चन्दादाता, शिक्षाप्रेमी, शिक्षाविद् मध्येबाट कम्तिमा १ जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना - स

(घ) सम्बन्धित विद्यालयको कार्यरत शिक्षक वा कर्मचारीहरूले आफूहरू मध्येबाट निर्णय गरी पठाएको १ जना - स

(ङ) बाल क्लबका अध्यक्ष - पदेन स

(च) प्रधानाध्यापक - सदस्य स

(२) बैठकमा सम्बन्धित क्षेत्रको विद्यालय शिक्षा अधि आमन्त्रण गरिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ व हुनेछ । यो कार्यविधि लागु भएको मितिले ३ महिना यस कार्यविधि अनुसार विद्यालय व्यवस्थापन समिति ग गरिसक्नु पर्नेछ ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यको राजीनामा समितिका अध्यक्षले स्वीकृत गर्नेछ ।

(६) उपदफा २ बमोजिम गठित शिक्षक अभिभावक संघ कार्यकारी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) विद्यालयमा गठित शिक्षक अभिभावक संघले विद्यालयद्धारा यस शिक्षा कार्य विधि बमोजिम शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने ।

३६. **संस्थागत विद्यालयको व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार :**

१) संस्थागत विद्यालयको व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| क) विद्यालयका संस्थापक, संस्थापक नभएमा लगानीकर्ताहरुमध्येवाट विद्यालयको सिफारिसमा शिक्षा शाखा प्रमुखले मनोनित गरेको व्यक्ति | - अध्यक्ष |
| ख) सम्वन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य | - सदस्य |
| ग) अभिभावकहरुमध्येवाट एक जना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापनले मनोनित गरेको दुई जना | - सदस्य |
| घ) विद्यालय हेर्ने शिक्षा अधिकृत | - सदस्य |
| ङ) सम्वन्धित विद्यालयको शिक्षक तथा कर्मचारीहरुले आफुहरुमध्येवाट छानी पठाएको एकजना | |
| च) विद्यालयको प्रिन्सिपलमा नियुक्त व्यक्ति | - सद |





२) संस्थापक वा लगानीकर्ताका परिवारका सद नजिकका नातागोता कसैलाई पनि विद्यालय व समितिको शिक्षक वा अभिभावक प्रतिनिधिक सदस्य बन्न बनाउन पाइने छैन ।

३) **संस्थागत विद्यालयको व्यवस्थापन समितिक कर्तब्य अधिकार:**

क) विद्यालयको सञ्चालन रेखदेख व्यवस्था र निरीक्षण गर्ने,

ख) विद्यालयको सञ्चालनको शिक्षा कार्यविधि लागु गर्ने,

ग) शिक्षक तथा कर्मचारीको सेवाको ग्यारेन्टी गर्ने,

घ) शिक्षकलाई नियुक्ति पत्र दिने, सरकारी नघट्ने गरी तलव भत्ता खुवाउने,

ङ) ऐन, शिक्षा नियमावलीले तोके विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने

च) स्थानीय तहले तोकेको सिमा भित्र रही प्रस्ताव गर्ने र स्वीकृत शुल्क कार्यान्वयन

छ) शिक्षा शाखाले मागेका सूचनाहरू र नि बुझाउनु पर्ने विवरण बुझाउने,

ज) विद्यालयको लेखापरीक्षण गराउने,

झ) स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु ग

ञ) नेपाल सरकारका निकायहरूबाट प्राप्त विद्यालयसँग सम्वन्धित निर्देशनको पालन गराउने,

ट) विद्यालय व्यवस्थापन समितिको बैठक कम्ती दुई महिनामा एक पटक बस्ने,

ठ) बैठकको भत्ता नेपाल सरकारको नियमान उपलब्ध गराउने,